# मानव अधिकार पत्र

राष्ट्रिय मानव अधिकार आयोगको नियमित प्रकाशन

बर्ष ५ | अङ्क १ | माघ २०७९

## आयोगको वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिसमक्ष पेस




राष्ट्रिय मानव अधिकार आयोगले आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिसमक्ष पेस गरेको छ । प्रतिवेदनमा आर्थिक वर्ष २०७८/२०७९ मा आयोगमा परेका उजुरीहरू, उजुरीउपर भएका छानविन तथा अनुसन्धान एवम् संवर्धनसम्बन्धी कार्यहरूको विवरण समावेश गरिएको छ । यसको साथै नेपाल सरकारलाई गरिएका सिफारिसहरू, उपलब्धी, चुनौती साथै भावी कदमको बारेमा उल्लेख गरिएको छ ।

प्रतिवेदन अवधिमा आयोगमा मानव अधिकारको उल्लङ्घन वा हनन भएको भनी जम्मा १०१ उजुरीहरू दर्ता भएका छन् । मानव अधिकारसँग सम्बन्धित विषयमा २२१ पटक अनुगमन भएको छ । आयोगले पुराना र नयाँ गरी ५०३ उजुरीमाथि अनुसन्धान सम्पन्न गरेको छ । आयोगको सिफारिसहरूको कार्यान्वयन अवस्था हाल १५.३ प्रतिशत पूर्ण कार्यान्वयन, ३९.२ आंशिक र ४५.५ प्रतिशत सिफारिस कार्यान्वयन हुन बाँकी रहेको छ । आयोगबाट अनुसन्धान सम्पन्न भएका जम्मा ४१४ उजुरीमाथि निर्णय भएको छ, जसमा ६ वटा नीतिगत सिफारिसहरू रहेका छन् । प्रतिवेदनले पुरातन र रुढीवादी मानसिकता, जातीय भेदभाव, बोक्सी, छाउपडी, बालविवाह र दाइजोजस्ता कुप्रथा आदिले मानव अधिकार उपभोगमा चुनौती थपेको उल्लेख छ ।

प्रतिवेदन ग्रहण गर्दै सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीले मानव अधिकार र लोकतन्त्रको अवलम्बनमा नेपाल उच्चस्थानमा रहेको बताउनुभयो । उहाँले मानव अधिकार शिक्षा र संस्कृतिको विकासका लागि आयोगले शैक्षिक संस्थाहरूसँग सहकार्य गरेर अगाडि बढ्नुपर्ने भनाइ राख्नुभयो । सो अवसरमा आयोगबाट सम्पादित कामकारबाही, चुनौती आदिको बारेमा सङ्क्षेपमा प्रकाश पार्नुभएको थियो । मलेसियामा रहेका आप्रवासी कामदारहरूको अधिकार संरक्षणका लागि नेपालको आयोग र मलेसियाको मानव अधिकार आयोगबीच समझदारी पत्रमा हस्ताक्षर गरिएको जानकारी गराउनुभएको थियो । आयोगले प्रेस-विज्ञप्ति तथा प्रेस-नोटमार्फत मानव अधिकार उल्लङ्घनका घटनाहरूमा नेपाल सरकार र सम्बन्धित पक्षको ध्यानाकर्षण गराउँदै आएको उहाँको भनाइ थियो । कायक्रममा आयोगका माननीय सदस्यहरू, का.मु.सचिव, सहसचिवहरूलगायत आयोगका कर्मचारीहरूको उपस्थिति थियो ।

## बालबालिका राष्ट्रिय गौरव हुन् विषयक छलफल

राष्ट्रिय मानव अधिकार आयोगले सिविन नेपालसँगको सहकार्यमा मिति २०७९ पुस १३ गते बालबालिका राष्ट्रिय गौरव हुन विषयमा छलफल सम्पन्न गरेको छ । आयोगका पूर्व सदस्य गौरी प्रधानले बालबालिका राष्ट्रिय गौरब हुन भन्ने विषयमा आफ्ना दृष्टिकोण र आधारहरूबारे प्रस्तुतिकरण गर्नुभएको थियो ।




प्रस्तुतिकरणको क्रममा उहाँले कुनै पनि नारा वा अवधारणा बनाउनुभन्दा पनि त्यसको कार्यान्वयन पक्षमा ध्यान दिनु महत्त्वपूर्ण हुन्छ । सशस्त्र द्वन्द्वको समयमा बालबालिका र विद्यालय शान्तिक्षेत्र हुन् भन्ने घोषणा गरी सबै विद्यालयमा कार्यान्वयनको लागि अगाडि बढाइएको अभियान एउटा अवधारणाको रूपमा स्थापित भयो । त्यसै गरी विद्यालय शिक्षामा विद्यार्थीमाथि हुने सबै खाले शारीरिक तथा मानसिक हिंसा बन्द अभियान अर्को अवधारणा भएको उल्लेख गरिएको थियो ।

प्रस्तुतिमा उहाँले दिगो विकास लक्ष्यअन्तर्गत सन् २०३० सम्ममा बालमैत्री पूर्वाधार विकास गरी बालमैत्री स्थानीय शासन प्रवर्धन र घोषणा तथा अवलम्बन गनुपर्नेमा जोड दिनुभयो । बालबालिका राष्ट्रिय गौरब हुन् भन्ने अवधारणा कुनै नौलो विषय होइन तर कार्यान्वयन पक्षमा ध्यान पुग्न नसकेको अवस्था छ । भौतिक रूपमा रहेका राष्ट्रिय गौरवका आयोजनाहरूको अनुपातमा बालबालिकाकाहरूमाथिको लगानीले विशेष अर्थ राख्दछ । दुवै सवालहरूलाई सँगै जोडेर अगाडि लैजानुपर्दछ । जुन देशले बालबालिकामा सबैभन्दा बढी लगानी गरेका देश प्रगतिको पथमा लम्केका छन् भन्ने अध्ययनहरूबाट देखिएको उहाँको भनाइ थियो । उहाँले बालबालिकाको सम्मान र संरक्षण र पालना सम्बन्धमा नीतिगत, संस्थागत र अनुगमनात्मक पक्षबाट अन्य विषयगत आयोगहरूसँगको समन्वयलाई समेत जोड दिँदै आयोगको बालबालिकासम्बन्धी रणनीतिसँग यस अवधारणालाई जोडेर अगाडि बढ्न सुझाव दिनुभयो ।

छलफलको क्रममा गुणस्तरीय शिक्षाको अभाव, शिक्षामा सबैको पहुँच, बेरोजगारीको अवस्था, दक्ष जनशक्तिको पलायन, शिक्षाक्षेत्रको बजेटमा कमी आदि विषय उठाइएका थिए । विद्यालयहरूमा शारीरिक तथा मानसिक यातना, शिक्षकबाट विद्यार्थीमाथि यौन हिंसाका घटनाहरू हुनु दुखद् पक्ष भएको, यसमा सबै पक्ष संवेदनशील हुनुपर्नेमा सहभागीहरूको जोड थियो । आयोगका माननीय अध्यक्ष तपबहादुर मगरको अध्यक्षतामा सम्पन्न छलफलमा आयागका माननीय सदस्यहरू, सचिव, सहसचिव, उपसचिव तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

## आपराधिक घटनाका दोषीलाई उन्मुक्ति दिई दण्डहीनतालाई प्रश्रय नदेऊ !

नेपाल सरकारले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११६ मा भएको विद्यमान प्रावधानमा आपराधिक घटनाका दोषीलाई उन्मुक्ति दिन सहज हुने गरी संशोधन अध्यादेश ल्याउने भनी गरेको निर्णयप्रति राष्ट्रिय मानव अधिकार आयोगले चिन्ता व्यक्त गरेको छ । अदालतले दोषी ठहर गरी सजाय भोगिरहेका एवम् मानव अधिकार उल्लङ्घनका घटनामा संलग्न भएका दोषीहरूलाई राजनीतिक आवरण दिई उन्मुक्ति नदिन, त्यस प्रकारको कानुनसमेत नबनाउन प्रेस-विज्ञप्तिमार्फत आयोगले नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराएको छ ।

प्रेस-विज्ञप्तिमा भनिएको छ, उक्त अध्यादेशको प्रावधानले कानुनी कारबाहीको क्रममा रहेका, अदालतको निर्णय/फैसलाबाट दोषी किटान भएका र गम्भीर मानव अधिकार उल्लङ्घन र फौजदारी कसुरका मुद्दाहरूसमेत फिर्ता लिने वा आममाफी दिने सम्भवना रहन्छ । उक्त कार्यले विधिको शासन, लोकतन्त्र र पीडितको स्वच्छ न्यायमा असर पर्नुका साथै दण्डहीनतालाई समेत प्रश्रय पुग्ने देखिन्छ । यसबाट मानव अधिकार संस्कृतिको निर्माणमा गम्भीर चुनौती सिर्जना भएको छ ।

विज्ञप्तिमा अगाडि भनिएको छः जुनसुकै उद्देश्यले गरेको कार्य भए पनि प्रचलित कानुनको दृष्टिमा अपराध भएमा उक्त आपराधिक कार्यको दायित्व अपराध गर्ने व्यक्तिले नै लिनुपर्दछ र कानुन बमोजिम कारबाही हुनुपर्दछ । आपराधिक घटनालाई राजनीतिक दृष्टिले मात्र हेर्दै जाने हो भने आवाजविहीन नागरिकहरूको राज्यप्रतिको आशा एवम् भरोसा टुट्दै जाने

अवस्था सिर्जना हुन्छ । बिस्तृत शान्ति-सम्झौतामा समेत सङ्क्रमणकलीन न्यायसम्बन्धी प्रक्रियामा मानवताविरुद्धको अपराध तथा गम्भीर मानव अधिकारको उल्लङ्घनका घटनाका दोषीलाई कानुनी कारबाही हुने उल्लेख छ । सरकारले त्यसतर्फ सचेत एवम् सवेदनशील हुन जरुरी छ । राजनीतिमा अपराधीकरण र अपराधमा राजनीतीकरण हुनु हुन्न भन्नेमा आयोग सदैव दृढ रहेको छ ।

यसै सन्दर्भमा आयोगले 'आममाफीसम्बन्धी अध्यादेशबारे द्वन्द्वपीडितहरूको खबरदारी' (२०६९ साउन २३), 'मानव अधिकारविरुद्ध ३४९ व्यक्तिहरूको आपराधिक मुद्दा फिर्ताबारे आयोगको चासो' (२०६८ फागुन २१) र 'आपराधिक घटनालाई राजनीतिक आवरण दिई दण्डहीनतालाई प्रश्रय नदेऊ' (२०७४ जेठ ५) शीर्षकमा प्रेस-विज्ञप्तिमार्फत नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराएको विषयलाई पुन: स्मरण गराएको छ। आपराधिक घटनाका दोषीको मुद्दा फिर्ता लिने कार्य मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १० एवम् नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा २ र १४ विपरीतको कार्य हो। यस सम्बन्धमा मौजुदा संवैधानिक तथा कानुनी प्रावधान, सर्वोच्च अदालतको निर्णय/आदेश र राष्ट्रिय मानव अधिकार आयोगको सिफारिससमेतलाई बेवास्ता गर्नु मानव अधिकारको मूल्यमान्यता विपरीत हुन जान्छ भन्नेतर्फ सचेत हुन भनेको छ ।

## व्यावसाय र मानव अधिकारसम्बन्धी अन्तरक्रिया

आयोगको वाग्मती प्रदेश कार्यालयले उद्योग वाणिज्य सङ्घ मकवानपुरका अध्यक्ष कृष्णकुमार गुप्तालगायत पदाधीकारीहरूसँग मिति २०७९ पुस १४ गते छलफल गरेको छ ।

निजी क्षेत्रका व्यावसायी एवम् उद्योग वाणिज्य सङ्घ, नेपाल




चेम्बर अफ कमर्समा संलग्न व्यावसायीहरूसँग मानव अधिकार व्यावसाय विषयक अन्तर्क्रिया गरेको छ। कार्यक्रममा प्रदेशस्थित विभिन्न जिल्लाहरूमा अर्थ-व्यवस्थामा समस्या देखिनुपछाडि राष्ट्र बैङ्कको नीति जिम्मेवार रहेको व्यावसायीहरूको भनाइ थियो ।

उद्योग व्यावसाय क्षेत्रमा परेको गम्भीर असर परेको भन्दै व्यावसायीहरू चरणबद्ध रूपमा शान्तिपूर्ण आन्दोलनमा उत्रिएका थिए। आयोगको वाग्मती प्रदेश कार्यालयले उक्त आन्दोलनको अनुगमन पनि गरेको थियो ।

छलफलमा शान्तिपूर्ण तवरले वार्ताद्वारा समस्या समाधानका लागि आवश्यक पहल गर्न र आगामी दिनमा व्यावसाय र मानव अधिकारका विषयमा थप सहकार्य गरी अगाडि बढ्नुपर्नेमा दुवै पक्षको जोड थियो । कायक्रममा आयोगका अधिकृत कर्मचारी तथा उद्योग वाणिज्य सङ्घका पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

## अपाङ्गताको अधिकारसम्बन्धी अन्तरसम्वाद कायक्रम सम्पन्न

आयोगको वाग्मती प्रदेश कार्यालय र राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल वाग्मती प्रदेश कार्यालयका पदाधिकारीबीच २०७९ पुस १२ मा अपाङ्गता भएका व्यक्तिको मानव अधिकार अवस्थाको विषयमा छलफल भएको छ ।

छलफलमा अपाङ्गता भएका व्यक्तिहरूको भौतिक पहुँच, बैङ्किङ क्षेत्र, निजी क्षेत्र, व्यावसायिक क्षेत्रका अतिरिक्त न्यायमा पहुँच अभिवृद्धिका गर्नुपर्ने विषयलाई सहभागीहरूबाट उठाइएको थियो । आयोग वाग्मती प्रदेश कार्यालयका प्रमुख/सहसचिव यज्ञप्रसाद अधिकारीले आयोगका गतिविधि, सिमान्तकृत नागरिकको अधिकार प्रत्याभूतिका लागि प्राथमिकता दिँदै आएको र दिइरहनेमा जोड दिनुभएको थियो । कायक्रममा आयोगका अधिकृत कर्मचारी तथा राष्ट्रिय अपाङ्ग महासङ्घ वाग्मती प्रदेश कार्यालयका पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

त्यसै गरी आयोगको वाग्मती प्रदेश कार्यालय र राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल वाग्मती प्रदेश कार्यालयको आयोजनामा २०७९ पुस १ र २ गते अपाङ्गता भएका व्यक्तिहरूको न्यायमा पहुँचका अवरोध विषयमा दुई दिने कार्यशाला सम्पन्न भएको छ । कार्यशालामा उच्च अदालत पाटन अस्थायी इजालस हेटौडाका मुख्य न्यायाधीश अब्दुल अजिज मुसलमान, राष्ट्रिय आयोग वाग्मती प्रदेश कार्यालयका लोकनाथ घिमिरे, राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालका कृष्ण मुरारी दाहाल, इन्सेक वाग्मती प्रदेशका गणेश भण्डारीले छुट्टाछुट्टै कार्यपत्र पेस गर्नुभएको थियो । कायक्रममा न्यायिक र अर्धन्यायिक निकायका १६ जनाको सहभागिता रहेको थियो ।

## वाग्मती प्रदेश प्रमुख समक्ष आयोगको वार्षिक प्रतिवेदन पेस



राष्ट्रिय मानव अधिकार आयोग वाग्मती प्रदेश कार्यालयले आ.व. २०७८/७९ को वार्षिक प्रतिवेदन २०७९ मङ्सिर २५ गते प्रदेश प्रमुख माननीय श्री यादवचन्द्र शर्मासमक्ष पेस गरेको छ । आयोगका वाग्मती प्रदेश कार्यालयका कार्यालय प्रमुख सहसचिव श्री यज्ञप्रसाद अधिकारीले सो प्रतिवेदन पेस गर्नुभएको हो । प्रतिवेदनमा वाग्मती प्रदेशको मानव अधिकार अवस्था, सम्पादित कार्यहरूसमेत समेटिएको छ । आयोग कार्यालयले प्रत्येक वर्ष यसरी नै प्रतिवेदन पेस गर्दै आएको छ । उक्त समारोहमा प्रदेश प्रमुख कार्यालयका सचिव ओमबहादुर खड्का प्रदेश प्रमुख कार्यालयका कर्मचारी तथा आयोग वाग्मती प्रदेश कार्यालयका कर्मचारीहरूको सहभागिता रहेको थियो ।

## मानव अधिकार कार्ययोजना सम्बन्धमा अन्तरक्रिया कायक्रम सम्पन्न

आयोग वाग्मती प्रदेश कार्यालयका कार्यालयले २०७९ मङ्सिर २६ गते जिल्ला समन्वय समितिका प्रमुख ललित घलानसँग जिल्लाको मानव अधिकार अवस्थाका विषयमा छलफल गरेको छ । छलफलका क्रममा समन्वय समिति प्रमुख ललित घलानले आयोगसँगको समन्वय र सहकार्यमा

मकवानपुर जिल्लाको मानव अधिकार अवस्था सुधारमा भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । आयोगको तर्फबाट कार्यालय प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारीले आयोगको धारणा राख्नुभएको थियो ।

## थापाथलीस्थित सुकुम्वासी बस्तीमा भएको घटनाको अनुगमन

काठमाडौँको थापाथलीस्थित सुकुम्बासी बस्तीमा २०७९/८/१२ मा काठमाडौं महानगरपालिकाबाट घरटहरा भत्काउन गएको टोलीसँग स्थानीय सुकुम्बासीहरूले विरोध गर्ने क्रममा भएको झडपको घटनाबारे आयोगले २०७९/८/१३ मा स्थलगत अनुगमन गरेको छ । अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिको अनुरोधमा थापाथलीस्थित वाग्मती किनारको अनधिकृत घरटहरा हटाउनको लागि महानगरपालिकाको नगर प्रहरीको टोली डोजरसहित पुगेको थियो । यसपछि स्थिति झपडमा परिणत भएको थियो । नेपाल महिला एकता समाजको तर्फबाट मङ्सिर १३ गते आयोगमा जबर्जस्ती उठिबासको प्रयासविरुद्ध ध्यानाकर्षण सम्बन्धी निवेदन प्राप्त भएको थियो । आयोगको टोलीले अनुगनका क्रममा थापाथली क्षेत्रमा वाग्मती नदी किनारमा बसोबास गर्ने भूमिहीन सुकुम्वासीहरू तथा सम्बन्धित सङ्गठनका अगुवाहरू र काठमाडौं महानगरपालिकाका अधिकारी, नगर प्रहरी प्रमुखसँग जानकारी साथै घटनास्थलमा वस्तुस्थितिको अवलोकन गरेको थियो ।

थापाथलीस्थित पौरखी टोलमा रहेका सुकुम्वासी बस्तीमा रहेका अनधिकृत घरटहरा हटाउन अधिकार सम्पन्न वाग्मती एकीकृत विकास समितिको अनुरोधमा काठमाडौ महानगरको टोली एकअर्कामा समन्वय गरेर नै वस्ती हटाउने उद्देश्यले



परिचालित भएको अनुगमनबाट पाइएको छ । मङ्सिर १२ र १३ मा काठमाडौ उपत्यकाभरिका सुकुम्बासीहरू भेला भई प्रतिकार साथै काठमाडौँ महानगरपालिकामा विरोध प्रदर्शन तथा धर्ना दिएको पाइएको छ । झडपका कारण स्थानीय व्यक्तिहरू एवम् बालबालिकाहरू त्रसित भएका, केही सुकुम्वासी भनिएका व्यक्तिहरू र केही नगर प्रहरी घाइते भएको अनुगमनबाट देखिएको छ ।

। सुकुम्वासीहरूलाई कुनै विकल्पको व्यवस्था नगरी घरटहरा भत्काउन नमिल्ने उनीहरूको माग रहेको छ । उक्त विषय आर्थिक विषयमात्र नभई राजनीतिक विषयसँग समेत जोडिएकोले यसलाई राजनीतिक तवरबाट समाधन गर्नुपर्ने आयोगको टोलीको सुझाव रहेको छ ।

## प्रेस-विज्ञप्ति/प्रेस-नोटहरू

| क्र. स. | प्रेस-विज्ञप्ति/प्रस-नोटको शीर्षक | मिति | कैफियत |
|---|---|---|---|
| १ | सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐन संशोधनका सम्बन्धमा आयोगको गम्भीर ध्यानाकर्षण | प्रेस-विज्ञप्ति १ साउन, २०७९ | सङ्क्रमणकालीन न्यायको अधिकार |
| २ | आयोगमा दर्ता भएका उजुरीहरूको सङ्ख्या, निर्णय तथा पछिल्लो अवस्था । | प्रेस-नोट १२ साउन,२०७९ | |
| ३ | डेङ्गु नियन्त्रणमा प्रभावकारी कदम चाल्न आग्रह | प्रेस-विज्ञप्ति २१ भदौ, २०७९ | आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार/स्वास्थ्यको अधिकार |
| ४ | सन्दर्भ : बेपत्ता विरुद्धको अन्तर्राष्ट्रिय दिन (अगष्ट, ३०) बेपत्ता पारिएको व्यक्तिको अवस्था सार्वजनिक गर । | प्रेस-विज्ञप्ति १४ भदौ, २०७९ | बेपत्ताविरुद्धको अधिकार |
| ५ | बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगमा राष्ट्रिय मानव अधिकार आयोगको उच्चस्तरीय टोलीद्वारा अवलोकन तथा छलफल | प्रेस-नोट २९ भदौ, २०७९ | नागरिक तथा राजनीतिक अधिकार/न्याय प्रशासन |
| ६ | वैयक्तिक स्वतन्त्रता, आवतजावत र गोपनीयताको हकको सम्मान गर्न आग्रह | प्रेस-विज्ञप्ति २ असोज, २०७९ | नागरिक तथा राजनीति अधिकार |
| ७ | बाढी, पहिरो तथा डुबान पीडितहरूको उद्दार, राहत तथा बसोबासको व्यवस्था मिलाउन आग्रह | प्रेस-विज्ञप्ति ४ असोज, २०७९ | आर्थिक, सामाजिक तथा राजनीतिक अधिकार |
| ८ | राजनीतिक दलका घोषणापत्रमा मानव अधिकारका विषय समावेश गर्न आयोगको आग्रह | प्रेस-विज्ञप्ति १२ असोज,२०७९ | नागरिक तथा राजनीतिक अधिकार/ |

| क. स. | प्रेस-विज्ञप्ति/प्रस-नोटको शीर्षक | मिति | कैफियत |
|---|---|---|---|
| | | | आर्थिक, सामाजिक तथा राजनीतिक अधिकार |
| ९ | दशैं, तिहार तथा छठ बिदामा आयोग खुला रहने<br>चाडबाडको समयमा शान्ति सुरक्षा, आवतजावत र महँगी नियन्त्रणमा ध्यान केन्द्रित गर्न आयोगको आग्रह | प्रेस-विज्ञप्ति<br>१३ असोज,२०७९ | नागरिक तथा राजनीतिक अधिकार/ आर्थिक, सामाजिक तथा राजनीतिक अधिकार |
| १० | वाङ्मय शताब्दी पुरूष सत्यमोहन जोशीको निधनप्रति आयोगद्वारा गहिरो दुःख व्यक्त | प्रेस-विज्ञप्ति<br>३० असोज,२०७९ | |
| ११ | निर्वाचन आयोग र राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीहरूबीच छलफल | प्रेस-नोट<br>३० असोज,२०७९ | नागरिक तथा राजनीतिक अधिकार |
| १२ | कर्णालीमा यातायात तथा हवाईसेवालाई सहज बनाउन आग्रह | प्रेस-विज्ञप्ति<br>३ कात्तिक, २०७९ | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार |
| १३ | सुरक्षा निकायका प्रमुखहरूसँग छलफल | प्रेस-नोट<br>४ कात्तिक,२०७९ | नागरिक तथा राजनीतिक अधिकार |
| १४ | कालिकोटमा भएको बम विष्फोटको घटनाको आयोगद्वारा अनुगमन सुरु | प्रेस-नोट<br>१५कात्तिक,२०७९ | नागरिक तथा राजनीतिक अधिकार/बाल अधिकार |
| १५ | मतदानपूर्वको मानव अधिकार अवस्थाको आयोगद्वारा अनुगमन<br>स्वतन्त्र र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्ने कार्यमा भूमिका खेल्न सबै पक्षलाई आग्रह | प्रेस-विज्ञप्ति<br>२ मङ्सिर,२०७९ | नागरिक तथा राजनीतिक अधिकार |
| १६ | प्रदेशसभा तथा प्रतिनिधिसभा निर्वाचनको आयोगद्वारा अनुगमन | प्रेस-विज्ञप्ति<br>४ मङ्सिर,२०७९ | नागरिक तथा राजनीतिक अधिकार |

| क्र. स. | प्रेस-विज्ञप्ति/प्रस-नोटको शीर्षक | मिति | कैफियत |
|---|---|---|---|
| १७ | विस्तृत शान्ति सम्झौताको १६ वर्ष : कार्यान्वयनको अवस्था अझै चुनौतीपूर्ण<br><br>सङ्क्रमणकालीन न्यायलाई छिटो निष्कर्षमा पुऱ्याउन आग्रह | प्रेस-विज्ञप्ति<br>६ मङ्सिर,२०७९ | सङ्क्रमणकालीन न्यायको अधिकार |
| १८ | बाजुरा घटनाको सम्बन्धमा आयोगबाट अनुसन्धान सुरु | प्रेस-नोट<br>९ मङ्सिर,२०७९ | नागरिक तथा राजनीतिक अधिकार |
| १९ | आयोगको वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिसमक्ष पेस | प्रेस-नोट<br>२१ मङ्सिर,२०७९ | |
| २० | मुद्दा फिर्तासम्बन्धी अध्यादेशमा आयोगको पत्राचार | प्रेस-नोट<br>२६ मङ्सिर,२०७९ | नागरिक तथा राजनीतिक अधिकार |
| २१ | आपराधिक घटनाका दोषीलाई उन्मुक्ति दिई दण्डहीनतालाई प्रश्रय नदेऊ ! | प्रेस-विज्ञप्ति<br>२८ मङ्सिर,२०७९ | नागरिक तथा राजनीतिक अधिकार |

**"अधिकार र कर्तव्यको पालनाले सभ्य समाजको परिकल्पनालाई मुर्तरूप दिन्छ ।"**

**सङ्कलन/सम्पादन**

कैलाशकुमार शिवाकोटी

दुर्गा पोखरेल

पवन भण्डारी